# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल राष्ट्र बैंकले लिएको सफा नोट नीति (Clean Note Policy) र यसको कार्यान्वयन सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरूलाई जानकारी दिन माघ ७ गते काठमाडौंमा एक कार्यशाला गोष्ठीको आयोजना गरियो ।

गोष्ठीको उद्घाटन गर्दै गभर्नर डा. युवराज खतिवडाले केन्द्रीय बैंकले आगामी चैतदेखि सफा र सुकिला नोट मात्र चलनचल्तीमा ल्याउने नीति लिएको जानकारी दिनुभयो । आर्थिक कारोबारमा जस्तोसुकै भुत्रा नोट पनि चलनचल्तीमा ल्याउने प्रवृत्ति अबदेखि सबैले त्याग्नु पर्नेमा जोड दिँदै उहाँले नोटको उपयुक्त ढङ्गले सुरक्षित हस्तान्तरण गर्ने परिपाटी विकास गर्नुपर्ने बताउनुभयो ।




तत्कालीन राजाका तस्वीर भएका नोट चलनचल्तीबाट हटाउने सरकारी निर्णय अनुसार नेपाल राष्ट्र बैंकले त्यस्ता नोट सर्वसाधारणबाट खिचेर चलनचल्तीमा नपठाउने व्यवस्था मिलाएको उल्लेख गर्दै उहाँले यसले ती नोटको मूल्य नरहने नभई नयाँ नोट सट्टा भर्ना उपलब्ध गराइने बताउनुभयो । यसका लागि नेपाल राष्ट्र बैंकसँग पर्याप्त नोट रहेको जानकारी उहाँले दिनुभयो । यस्ता नोटहरू सर्वसाधारणले फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाका जुनसुकै शाखाबाट साट्न सकिने र त्यसपछि निश्चित अवधिसम्म तोकिएका बैंक तथा वित्तीय संस्थाका तोकिएका शाखाबाट मात्र यस्तो सटही सुविधा उपलब्ध हुने उहाँले जानकारी दिनुभयो ।

चालु वर्ष नेपालको कुल गार्हस्थ उत्पादन (GDP) ५ प्रतिशतको हाराहारीमा बढ्ने अनुमान रहेको र यसलाई सहज बनाउन नोटको आपूर्ति तथा चलनचल्ती सुविधाजनक बनाउन केन्द्रीय बैंक लागिपरेको चर्चा गर्दै गभर्नर डा. खतिवडाले नेपालमा रु १ खर्ब ६० अर्ब बराबरका नोट चलनचल्तीमा रहेको जानकारी दिनुभयो । यसमध्ये करीब रु २८ अर्ब २२ करोडका नोट मात्र राजाको तस्वीर अंकित नोट भएको गोष्ठीमा जानकारी दिइयो ।

नेपालभित्र नेपाली रुपैयाँमात्र चलनचल्तीमा ल्याउनु पर्छ भन्ने जनचेतनाको कमीका कारण तराई लगायत पहाडका मुख्य मुख्य ठाउँ र काठमाडौमा पनि भारु चलनचल्तीमा रहेको बताउँदै गभर्नर डा. खतिवडाले नेपालभित्र सामान किन्दा होस् वा श्रमिकलाई ज्याला दिँदा होस् नेपाली रुपैयाँमै भुक्तानी दिनुपर्ने कानूनी व्यवस्था रहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'यदि कसैले भारुमा कारोबार गर्नुभएको छ भने भारुको सट्टा नेपाली रुपैयाँ चलाउनु पर्‍यो ।'

भारुका साथै नेपाली रुपैयाँको पनि जाली नोट छपाईको प्रवृत्ति बढ्दै गएकाले त्यस्ता नोट पहिचान गर्ने क्षमता बढाउनु जरुरी रहेको चर्चा गर्दै गभर्नर डा. खतिवडाले जाली नोटको डरकै कारण नेपाल र भुटानमा भारु ५०० र १००० दरका नोट प्रचलनमा बन्देज लगाइएको जानकारी दिनुभयो । नक्कली नोटको पहिचान गर्ने क्षमता सबै बैंक तथा वित्तीय संस्थाहरूले बढाउँदै लगेको खण्डमा ठूला दरका भारु नेपालमा वैध बनाउन भारत सरकार र भारतीय रिजर्भ बैंकबाट सहयोग प्राप्त हुने अपेक्षा उहाँले व्यक्त गर्नुभयो ।

उद्घाटन समारोह पश्चात् नेपाल राष्ट्र बैंकका सञ्चालक श्री शम्भुशरणप्रसाद कायस्थको अध्यक्षतामा सम्पन्न कार्यशालामा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री अश्विनीकुमार ठाकुरले सफा नोट नीति, यसको रणनीति र कार्यान्वयन विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । गोष्ठीमा उहाँले सर्वसाधारणमा भुत्रा नोट चलनचल्तीमा ल्याउन हुन्न भन्ने चेतनाको अभावका कारण नेपालमा केरमेट गरिएका, रङ्ग पोतिएका, च्यातिएका तथा भिजेर, च्यातिएर र खुम्चिएर भुत्रा भएका नोट पनि प्रचलनमा रहने गरेको बताउनुभयो । फोहर, केरमेट गरिएका र भुत्रा नोट चलनचल्तीबाट हटाउने र त्यसको ठाउँमा स्वास्थ्यमा प्रतिकूल असर नगर्ने सफा र सुकिला नोट मात्र प्रचलनमा ल्याउन नेपाल राष्ट्र बैंकले सफा नोट नीति लागु गरेको बताउनुभयो । अबदेखि नोटको पाकेटमा स्टिचको सट्टा कागज वा प्लाष्टिकको फित्ता प्रयोग गर्ने, राजाका तस्वीर भएका तथा केरमेट गरिएका नोट चलनचल्तीमा नल्याउने र तोकिएका समयभित्र दाखिला नगरिएका पूराना नोटको सट्टा भर्ना नदिइने पनि उहाँले जानकारी दिनुभयो ।

नेपाल बैंकर्स एसोसियसनका अध्यक्ष श्री शसिन जोशीले मन्तव्य व्यक्त गर्नुभएको उक्त गोष्ठीमा नेपाल राष्ट्र बैंकका विभागीय प्रमुखहरू, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरू र ती संस्थाको नगद व्यवस्थापनमा संलग्न अधिकारीहरूको सहभागिता रहेको थियो ।

गभर्नरको कार्यालय